अनुसूची- १

**नेपाल राष्ट्र बैंक**
**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**
**बालुवाटार, काठमाडौं**

# लगानी सम्बन्धी सूचना

यस विभागबाट सञ्चालित विभिन्न आयोजनाहरुको कोषमा रहेको मौज्दात रकम लगानी गर्नु परेकोले यस बैंकबाट ईजाजतपत्र प्राप्त तल उल्लेखित शर्तहरु पूरा गरेका "क" वर्गका वाणिज्य बैंकहरुबाट आफूले निक्षेप लिन चाहेको रकम तथा उक्त रकमका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम भरी कुल लगानी योग्य रकम मध्ये लिन चाहेको रकम खोली यस विभागमा मिति २०७६।०२।०५ गते आईतबार दिउँसो ३:०० बजे भित्र बुझाउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**लगानी योग्य रकम** : १ वर्षे मुद्धती निक्षेपमा रु.४७ करोड र कल निक्षेपमा रु. ११ करोड रहेको ।

शर्तहरु :

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा २ वर्ष पूरा गरेको ।

ख) बैंकबाट तोकिएको न्यूनतम पुँजीकोष कायम रहेको ।

ग) निष्कृय कर्जा कुल कर्जा सापटको ५ प्रतिशत भन्दा कम भएको ।

घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पुँजी अनुपात बैंकले निर्धारण गरेको सीमाभित्र रहेको ।

च) निकटतम अघिल्लो आ.व.मा सञ्चालन मुनाफा (ब्यवस्था पछिको) मा रहेको ।

छ) रियल स्टेट कर्जा बैंकबाट तोकेको सीमा भन्दा बढी नभएको ।

ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालकलाई यस बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएको सञ्चालक, प्रमुख कार्यकारी अधिकृत वा कार्यकारी सञ्चालक उक्त संस्थामा कायम नरहेको ।

झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको ।

ञ) बैंक तथा वित्तीय संस्था नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएकोभए सो फुकुवा भएको छ महिना अवधि पूरा भएको ।

ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

मिति : २०७६।०२।०२

अनुसूची-२

**श्रीमान कार्यकारी निर्देशकज्यू**
**नेपाल राष्ट्र बैंक**
**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**
**बालुवाटार काठमाडौं ।**

विषयः **शिलबन्दी दरभाउपत्र सम्बन्धी फारम ।**

महोदय,

त्यस विभागवाट सञ्चालित विभिन्न आयोजनाहरुको कोषमा मौज्दात रहेको रकम बैंक तथा वित्तीय संस्थाहरुको निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति २०७६/०२/०२ मा जारी भएको सूचना बमोजिम तपसिलमा उल्लेखित सबै शर्तहरु र नेपाल राष्ट्र बैंकले निक्षेप संकलन सम्बन्धी जारी गरेका सबै निर्देशनहरु यस बैंकले पूरा गरेको घोषणा गर्दै तलको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम निक्षेपको रुपमा लिन इच्छुक भएकोले यो दरभाउपत्र पेश गरेका छौं ।

| क्र.सं. | निक्षेपको किसिम | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा |
| १. | मुद्धती निक्षेप | | १ वर्ष | | |
| २. | कल निक्षेप | | - | | |

यस......................................बैंक को २०७५ चैत महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको छ ।

| क्र.सं. | बिवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १. | पुँजीकोष % | |
| २. | निष्कृय कर्जा % | |
| ३. | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप % | |
| ४. | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पुँजी अनुपात % | |
| ५. | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ६. | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७. | चुक्ता पुँजी (रु.) | |
| ८. | नेपाल राष्ट्र बैंकको बैंकिङ्ग कार्यालयमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको

दस्तखतः-.......................................
नामः-..........................................
पदः-...........................................
फोन नं.:-..................................... .

संस्थाको नामः-.......................................
संस्थाको ठेगानाः-...................................
संस्थाको छापः-.......................................
इमेलः-.......................................

नोटः-लगानीसंग सम्बन्धित अधिकारीको सम्पर्क ब्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नं. यस फारमको अन्त्यमा अनिवार्य रुपमा उल्लेख भएको हुनुपर्नेछ ।